नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस समितिको सचिवालय

सिंहदरबार, काठमाडौं ।

## सम्भाव्य उम्मेदवारको नाम सूचीकृत गर्न आवेदन पेश गर्ने समय थप सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१/०७/३०**

यस समितिबाट मिति २०८१।०७।२३ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि आवेदन पेश गर्ने अवधि मिति २०८१।०७।२९ मा समाप्त भएकोमा समितिको मिति २०८१।०७।२९ मा बसेको बैठकको निर्णयबाट "बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनोट प्रक्रिया, २०८१" को दफा ६ को उपदफा (२) बमोजिम आवेदन पेश गर्ने अवधि मिति २०८१/०८/०४ गते अपराह्न ५:०० बजे (पाँच दिन) सम्म थप गरिएकोले सो अवधिभित्र इच्छुक व्यक्ति तथा मानव अधिकार तथा नेपालको शान्ति प्रक्रियाको क्षेत्रमा कार्यरत संस्थाले कुनै व्यक्तिको सिफारिस गर्न चाहेमा त्यस्तो व्यक्तिको सहमति सहित आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**नोट** : छनोट प्रक्रियाको अनुसूची बमोजिमको आवेदन फाराम www.trc.gov.np, www.ciedp.gov.np, www.moljpa.gov.np बाट डाउनलोड गर्न सकिनेछ । साथै आवेदन infolaw@moljpa.gov.np मा इमेल मार्फत समेत पठाउन सकिनेछ ।

**सम्पर्क नं.** ४२११८७२, ४२११९८७, ९८४९१५५०१२, ९८४९६१०७१९, ९८५१३३००३५